स्थानः बैठक कक्ष

समयः दिनको ३.०० बजे

आज मिति २०८१/११/२८ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक संख्याः११

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

CamScanner

मितिः २०८१/११/२८
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या ११

**बैठकका कार्यसूचीहरू**

१. स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम,

२. नगर क्षेत्र भित्रका जोखिमयुक्त स्थान तथा क्षेत्र पहिचान,

३. विपद् सामग्री खरिद सम्बन्धमा,

४. सरकारी जग्गा उपयोग तथा निजी जग्गा प्राप्ती सम्बन्धमा,

५. फोहोर मैला प्रशोधन केन्द्र व्यवस्थापन सम्बन्धमा,

६. अवलोकन भ्रमण होमस्टे,

७. शहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा,

८. आन्तरीक आय एवम् अनुदान सम्बन्धमा ।

निर्णयहरुः-

११.१ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनोट सम्बन्धमा मिति २०८१।११।१५ मा प्रकाशन गरेको आशयपत्र आह्वानको सूचना (EOI) बमोजिम ग्रामिण सडक सुधार तथा पुनःस्थापना कार्यक्रम सञ्चालनका लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा ६ को उपदफा १ सँग सम्बन्धित अनुसूची -१ बमोजिम आशयपत्रको फाराम भरी कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको प्रतिवद्धता जनाइ नगरपालिकाको तर्फबाट जानकारी तथा सूचना दिने ।

**देहायः**

**१.नगरपालिकाको इच्छा र प्रतिवद्धता**

१.१ नगरपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अबलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न प्रतिवद्ध छ ।

१.२ नगरपालिका स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि अलम्बन गर्न इच्छु प्रतिवद्ध छ ।

१.३ नगरपालिका पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न इच्छुक तथा प्रतिवद्ध छ ।

२. नगरपालिकाले वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहलगानीको हिस्सा विनियोजन गर्न प्रतिवद्ध छ ।

(जस्तै पुल सम्बन्धी आयोजनामा कम्तीमा ४० प्रतिशत , ग्रामिण सडक पुनः स्थापना सम्बन्धी आयोजनामा कम्तीमा २० प्रतिशत, श्रममूलक सडक मर्मतसम्भार सम्बन्धी आयोजनामा कम्तीमा ३४ प्रतिशत, साना सिँचाई खानेपानी तथा सरसफाई भवन मर्मत सम्बन्धी आयोजनामा कम्तीमा ३४ प्रतिशत विपद् जोखिम न्यूनीकरण जलवायु उत्थानशील तथा वैकल्पीक उर्जा सम्बन्धी आयोजनामा

कम्तीमा २० प्रतिशत र सिँचाइको उत्थानशील तथा वैकल्पीक उर्जा सम्बन्धी आयोजनामा कम्तीमा ४० प्रतिशत नगरपालिकाको सहलगानी हुने गरी बजेट विनियोजन गर्न नगरपालिका प्रतिवद्ध छ।)

३.नगरपालिका पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्वन्धी कार्यविधि तथा निर्देशिका तयार / परिमार्जन तथा अनुमोदन गर्न प्रतिवद्ध छ ।

५.नगरपालिका स्थानीय पूर्वाधार सम्बन्धी विवरण तथा अद्यावधिक गर्ने र सोको जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न प्रतिवद्ध छ ।

११.२ जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/११/१५ गतेको निर्णय नम्बर ७ बाट स्थानीय स्तरमा घटेका विपद्जन्य घटनाहरुको खोज उद्दार लगायत समग्र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन र सहज बनाउन जोखिमयुक्त स्थान तथा क्षेत्र पहिचान गरी पठाउन सम्वन्धित स्थानीय तहलाई अनुरोध गर्ने भनी निर्णय भएकोले सन्धिखर्क नगरपालिकाका देहायका स्थान तथा क्षेत्रहरू जोखिमयुक्त क्षेत्र रहेको हुँदा उल्लिखित स्थान तथा क्षेत्र जिल्ला विपद व्यवस्थापन समितिमा पठाउने ।

देहायः-

| सि.नं | सम्भावित जोखिम हुन सक्ने क्षेत्र | सम्भावित जोखिम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १. | बाँगी खोला र वडा नं १ र ३ को सिमाना अलुवा खोला खोलाको किनारी भागमा रहेको बस्ती क्षेत्र र डम्पीङ्साइट | बाँगी खोलाको कटानी | १ | |
| २. | तुम्कोट, गाडसाल,पटुवाथुम, बाहुनडाँडा, झिल्केडाँडा, पाणिनी क्याम्पस क्षेत्र | आगजनी | १ | |
| ३. | चुत्रावेशी बजार, भक्तिटोला षम्पलाईन ग्रिन बोर्डिङ्ग स्कुलको तल्लो तटीय क्षेत्र | बाँगी खोला कटानी | २ | |
| ४. | कुर, भलाडाँडा बेहोरे पोखरानेटा समेतका क्षेत्र | आगजनी | २ | |
| ५. | मियाँ गाउँ, छापडाँडा जयनेटा स्यानडाँडा ढोरपाटन सडक देखि माथिल्लो क्षेत्र समेत | आगजनी | ३ | |
| ६. | टुनिपोखरा मियाँगाउँ हटिया क्षेत्रको दायाँ बायाँ बस्ती एवम् सामुदायिक वनहरु । | आगजनी | ४ | |
| ७. | वडा नं ४ को सिमाना देखि दायाँ /बाँया रहेका बस्ती एवम् सामुदायिक वनहरू। | आगजनी | ५ | |
| ८. | वलेवाङ्ग देखि उत्तर वडा नं ४ को सिमाना सम्म रहेको खेत /खेती योग्य | जरे/मथुरा खोला कटान | ५ | |

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद ... प्रमुख

| सि.नं | सम्भावित जोखिम हुन सक्ने क्षेत्र | सम्भावित जोखिम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| | जमिन | | | |
| ९. | वडा नं ७ को सिमाना देखि नरपानी सम्म सन्धिखर्क गोरूसिङ्गे सडक खण्ड | भूक्षय | ६ | |
| १०. | नरपानी, जगत, भुवनडाँडा घुम्ती, सतिनेटा, वहाखोला गौशाला समेतका वस्तिहरू मा रहेको सडक | भूक्षय | ६ | |
| ११. | जगत, भुवनडाँडा पोखेडाँडा सतिनेटा समेतका क्षेत्र | आगजनी | ६ | |
| १२. | खरज्याङ्ग खोला फुद्वाङ्ग क्षेत्रमा रहेको खेती योग्य जमिन कटान | खरज्याङ्ग खोला र बाँगी खोला कटान | ७ | |
| १३. | फुद्वाङ्, देउराली सडक खण्ड, भुजुङ्गे,शान्तीकोट, किटेनी विद्यालय र वस्ती क्षेत्र | भूक्षय | ७ | |
| १४. | किटेनी, बागमारा, म्यूखोला आसपास रहेका बस्ती तथा सामुदायिक वन | आगजनी | ७ | |
| १५. | किमडाँडा पकले, गोलखाँडा खाँपडाँडा खाल घाटाका खोला लमलमे, बेल्टारी सम्मका बस्ती तथा सामुदायिक वन | आगजनी | ८ | |
| १६. | वेल्टारी, आपखोला क्षेत्र | घोचे खोला कटान | ८ | |
| १७. | पकले, गोलखाँडा, किमडाँडा घाटाका खोला, सन्धिखर्क ढाकावाङ् सडक खण्ड घोचेखोला बेल्टारी आपखोला पकले , सिरवार र म्यालपोखरी क्षेत्रका सडक | भूक्षय | ८ | |
| १८. | सन्धिखर्क सालझण्डी ढोरपाटन सडक खण्ड, नौलापानी सडक वडा नं १० को सिमाना देखी वडा नं ९ मा पर्ने मदन भण्डारी राजमार्ग खण्ड कोट देखी कोट सम्मको नगर क्षेत्रमा पर्ने सडक खण्ड | भूक्षय | ९ | |
| १९. | भेडाबारी, पाथरावाङ्ग, गज्याङ्ग थान, नौलापानी, पलेपत, खारा, खरेखोला, गुनाथुम, हिले गोल लाउने, घर्तिखोर गजेलडाँडा आसपास रहेका बस्ती र | आगजनी | ९ | |

| सि.नं | सम्भावित जोखिम हुन सक्ने क्षेत्र | सम्भावित जोखिम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| | सामुदायिक वन क्षेत्र । | | | |
| २०. | पोखेडाँडा, बेल्टारी, धर्मपानी, गच्छेगैरा, अर्लिवाङ्ग, हर्राठाना, माटे र झाजरखोला आसपास रहेका बस्ती र सामुदायिक वन क्षेत्र | आगजनी | १० | |
| २१. | पोखेडाँडा, अर्लिवाङ्ग, बेल्टारी र मदन भण्डारी राजमार्गको दायाँ /बायाँ रहेका सडक खण्ड | भूक्षय | १० | |
| २२. | वडा नं ९ को सिमाना देखी दक्षिण वडा नं १ को सिमानासम्म बाँगी खोलाको तल्लो तटीय क्षेत्र । | बाँगी खोला कटान | १० | |
| २३. | झेडी, डिभर्ना, चौडिलाऽ पाकुरीकारूख, पातलकेटारा, सडक कविरा गहते डिभर्ना सडक, डिभर्ना जोगिमारे सडक गहते रामपत पिपल नेटा सडक, मुलफुट्नी अमिले सडक, डिभर्ना अमिले सडक, डिभर्ना जोगिमारे कात्रेका चौर ओखरकोट सिम्लारूख सो सडक क्षेत्र आसपासका बस्ती । | भूक्षय | ११ | |
| २४. | झेडी, डिभर्ना, चौडिला पाकुरीका रूख, पातलकटेरा, कविरा गहते, भैसिथला, जोगिमारे, गहते, रामपत, पिपलनेटा, अमिले र गोठकटेरी बस्ती क्षेत्र र सो बस्ती नजिक रहेका सामुदायिक वनहरु । | आगजनी | ११ | |
| २५. | अमिले, जोगिमारेको तल्लो तटीय क्षेत्र | जरेखोलाको माथिल्लो क्षेत्र कटान | ११ | |
| २६. | वडा नं १ को सिमाना देखि झेडी जिमुर्थुम सल्लीकोट जरेखोला सडक,जिमुर्थुम खड्काटोला बस्यालटोला हुदै टाकुरा भित्र सडक, सल्लिकोट देखि मिलमिले सडक खण्ड | भूक्षय | १२ | |
| २७. | छाप, जिमुर्थुम, सल्लिकोट, मिलमिले, झेडी डिभर्ना ठुटी पिपल टाकुरा | आगजनी | १२ | |

| सि.नं | सम्भावित जोखिम हुन सक्ने क्षेत्र | सम्भावित जोखिम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| | सडकको दायाँ/बाया रहेका बस्ती सो आसपास रहेका सामुदायिक वन क्षेत्रहरू समेत | | | |
| २८. | वडा नं ११ देखी दक्षिण वडा नं ४ को सिमाना सम्म पर्ने खेती योग्य जमिन | जरेखोला कटान | १२ | |

११.३ जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/१०/१५ गतेको निर्णण बाट गर्मीयाममा हुन सक्ने विपद्लाई न्यूनीकरण गर्न अग्नी नियन्त्रणको लागि खटिने सिपयुक्त जनशक्तिको लागि अग्नी प्रतिरोधी पोशाक २ सेट सबै स्थानीय तहले यथाशिघ्र खरिद गरी उपलब्ध गराउने भनी निर्णय भएको साथै जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको पत्र सङ्ख्या २०८१/८२ चलानी नम्बर २०१६ मिति २०८१/०९/१४ को पत्रबाट अग्नि नियन्त्रण यन्त्र ५ थान (FIRE EXTINGUISHER) माग भइ आएकोले जिल्ला विपद् व्ययवस्थापन समितिको निर्णय र जिल्ला प्रहरी कार्यालयको माग बमोजिम विपद् व्यवस्थापनकोषमा विनियोजित रकमबाट उल्लिखित सामग्री खरिद गरी उपलब्ध गराउने ।

११.४ सन्धिखर्क नगरपालिकाको फोहरमैला प्रशोधन केन्द्रमा दैनिक फोहर सङ्कलन गरी उक्त केन्द्रमा लगि विसर्जन गर्ने गरिएको उक्त केन्द्रमा नगरपालिकाको तर्फबाट दैनिक ज्यालदारीमा कार्यरत ४ सरसफाइकर्मी मासिक रू १५०००। (पन्ध्र हजार) र खाजा खर्च मासिक रू ३०००। तीन हजार गरी प्रति व्यक्ति रू १८०००। (अठार हजार) का दरले नगरपालिकाको खर्च हुने गरेको हाल उल्लिखित सरसफाई कर्मी मध्ये ३ जना सरसफाइ कर्मीले फागुनमसान्त देखि काम गर्न छाडेका हुँदा उक्त केन्द्रमा जाने फोहर वर्गीकरणमा समस्या उत्पन्न भएको र सोही केन्द्रमा जाने फोहर वर्गीकरण गरी पून प्रयोगमा आउने कवाडजन्य वस्तु सङ्कलनका लागि आर्थिक वर्ष २०८१/८२ को चैत्र १ गते देखि २०८२/८३ को असार मसान्तसम्म सङ्कलन गर्ने अनुमतिका लागि गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्सले मिति २०८१/११/१८ मा नगरपालिकामा निवेदन गरेको र उक्त निवेदनमा मासिक रूपमा रु १०,०००।(दश हजार) मात्रमा नियमानुसार (मुल्य अभिवृद्धि कर र अग्रिम आयकर) लाग्ने कर सहित रू १४५० ।गरी जम्मा रू ११४५०। (एघार हजार चारसय पचास) मात्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्ने सो केन्द्र भित्र फोहर वर्गीकरणका लागि लाग्ने जनशक्ति सोही कवाड स्टोर्सले परिचालन गर्ने र जनशक्ति परिचालन गर्दा लाग्ने पारिश्रमिक गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्सले नै बेहोर्ने र फोहरमैला प्रशोधन केन्द्रमा सङ्कलन हुने कवाड जन्यवस्तु गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्सले नै व्यवस्थापन गर्ने गरी कार्य अनुमति माग गरेको, साथै सो केन्द्रमा रहेको कार्तिक देखि फागुन मसान्तसम्म सङ्कलन भएको कबाड जन्यवस्तु ९००००। नब्बे हजार कर सहितमा पाएमा उक्त कवाड जन्य वस्तु आफुले नै लिइ व्यवस्थापन समेत गर्ने बेहोरा उल्लेख गरेको, सो निवेदनका सम्बन्धमा नगरपालिकाकालाई लाभलागतको हिसाबले फाइदा हुने नगरपालिकाको आन्तरिक राजस्व वृद्धिमा टेवा पुग्ने सो केन्द्रमा

नगरपालिकाको तर्फबाट जनशक्ति व्यवस्थापन गर्दा लाग्ने पारिश्रमिक बचत हुने समेतका विषयहरू देखिएकाले माग बमोजिम २०८१ साल चैत्र १ गते देखि २०८३ असारमसान्त सम्मको लागि सो केन्द्र भित्र लाग्ने जनशक्ति गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्सले नै परिचालन गरी सो कार्य गर्दा सिर्जना हुने आर्थिक दायित्व गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्सले नै बेहोर्ने गरी २०८१ चैत्र १ गते देखि २०८३ को असार मसान्तसम्मको लागि फोहोरमैला प्रशोधन केन्द्रमा जाने फोहरबाट पून: प्रयोगमा आउने कबाडजन्य वस्तु वर्गीकरण गरी व्यवस्थापन गर्न अनुमति दिने र सो वापत गौरी कवाड स्टोर्सले मासिक रूपमा कर सहितको रू ११४५०। नगरपालिकामा दाखिला गर्ने ।साथै निवेदनमा उल्लेख भएको हाल सङ्कलित कवाड जन्यवस्तुको प्राविधिक नापजाँचबाट पेस हुन आएको प्राविधिक प्रतिवेदन समेतमा छलफल हुँदा सो सम्बन्धमा प्राविधिक प्रतिवेदनमा उल्लेख भएको कर सहितको रु ९९,९८२। उनान्सय हजार नौसय बयासी मात्र राजस्व दाखिला गर्न लगाई गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्स लाई व्यवस्थापन गर्न अनुमति दिने।

११.५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सङ्ख्या २०८१/८२ चलानी नम्बर २६२ मिति २०८१/१०/२१ को सरकारी जग्गा उयोग तथा निजी जग्गा प्राप्ति संम्बन्धमा विषयक पत्र बैठकमा पेस भइ अवगत भयो ।

११.६ सन्धिखर्क नगरपालिकाको वडा नं ६ स्थित श्री सुपादेउराली पोखेडाँडा सामुदायिक होमस्टे सञ्चालन कर्मीहरुलाई नगरपालिकाको तर्फबाट सामुदायिक होमस्टे (घरबास) को स्तरोन्ती र व्यवसायीक ज्ञान प्रवर्धनका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमतर्फ चालु आर्थिक वर्ष २०८१/८२ मा स्तरोन्ती कार्यक्रममा विनियोजित बजेट मध्येबाट स्याङ्जा जिल्लाको सिरुवारी र नवलपरासीको कावासोती अमलटारी होमस्टेमा ३ दिवसीय अवलोकन भ्रमण गराउने ।

११.७ नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनातर्फका योजना कार्यान्वयनमा सम्बन्धमा हाल सम्मको प्रगति विवरणका विषयमा समिक्षा भयो । सो सम्बन्धमा उल्लिखित योजना तथा कार्यक्रमहरू निर्धारित समयमै सम्पन्न गर्ने र उक्त योजना तथा कार्यक्रम सञ्चालन गर्दा विभिन्न योजनाबाट बचत हुने/ भएको रकमबाट सन्धिखर्क नगरपालिकाको वडा नं १ स्थित निर्माणाधिन अपुरो खोप केन्द्रमा बजेट विनियोजन गरी उक्त खोप केन्द्र निर्माण गर्ने । साथै उल्लिखित्त पूर्वाधार आयोजना कार्यान्वयनका लागि विभिन्न भुमिकामा खटिने कर्मचारीहरूले कार्यालय समय बाहेकको अतिरिक्त समयमा समेत कार्य गर्नुपर्ने देखिएकोले सोही आयोजना/कार्यक्रममा व्यवस्थापन शीर्षकमा प्राप्त हुने रकमबाट चालु आ.व. २०८१।८२ को असौज देखि चैत्र १५ मसान्तसम्म कार्यालयले निर्णय गरी अतिरिक्त सुविधा उपलब्ध गराउने ।

११.८ सन्धिखर्क नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाको आन्तरिक आयमा प्राप्त हाल सम्म प्राप्त आय कार्यालयको तर्फबाट बैठकमा पेस भइ जानकारी भयो ।



CamScanner

११.९ सन्धिखर्क नगरपालिकाको वडा नं ११ स्थित श्री विजय माध्यमिक विद्यालयको कक्षा कोठा पाटेशन तथा बाल कक्षा व्यवस्थापन सन्धिखर्क ११ का लागि चालु आर्थिक वर्षको वार्षिक नगर विकास योजनामा पूँजिगत निर्माण सामग्री निर्माण सहयोग शीर्षकमा विनियोजित रकमबाट खर्च गर्ने गरी रु ६०००००। (छ लाख) रकम विनियोजन गर्ने ।

११.१० सन्धिखर्क नगरपालिकाको वडा नं ७ स्थित श्री भैसीमेला सडक मर्मतका लागि नगरपालिकाको चालु आर्थिक वर्षको वार्षिक नगर विकास योजनामा अन्य म्याचिङ् शीर्षकमा विनियोजित रकमबाट रु १८५०००। (एकलाख पन्चासी हजार) विनियोजन गर्ने ।

११.११ सन्धिखर्क नगरपालिकाको वडा न १ स्थित श्री युवावर्ष रविचित्र जनता माध्यमिक विद्यालयको भवन निर्माणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा भारतीय राजदुताबास मार्फत विद्यालयको विद्यालय भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढेको सन्दर्भमा उक्त विद्यालयको भवन निर्माण हुने स्थानको माटो परीक्षण गर्न आवश्यक भएकोले सो कार्यका लागि चालु आर्थिक वर्षको वार्षिक नगर विकास योजनामा परामर्श सेवा खरिदमा शीर्षकमा विनियोजित रकमबाट रु २५००००।(दुइ लाख पचास हजार) विनियोजन गरी माटो परीक्षण गर्ने ।

११.१२ फोहरमैला प्रशोधन केन्द्रमा उत्पादित नगरपालिकाकाले खरिद गरेको प्रति के.जी रू २४ रहेको प्राङ्गारिक मलमा सन्धिखर्क नगरपालिकाको तर्फबाट ७५ प्रतिशत छुट गरी आम नागरिक, विभिन्न फर्म वा समूहलाई (फस्ट कम फस्ट सर्भ) को आधारमा रू ६ (छ) मात्र राजस्व लिइ नगरपालिकाको कृषि शाखाले वितरण गर्ने व्यवस्था मिलाउने भनी निर्णय भएको विषयलाई संशोधन गरी सन्धिखर्क नगरपालिका भित्रका आम नागरिक विभिन्न फर्म वा समुहलाई (फस्ट कम फस्ट सर्भ) को आधारमा निशुल्क रूपमा वितरण गर्ने । सोको व्यवस्थापन कृषि शाखाले गर्ने ।



CamScanner